नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

सिरहा जिल्ला स्थित DCCMC का पदाधिकारीहरु द्वारा आज २०७८।१।१८ शनिवार का दिन सिरहा बजार एवं माडर बजार का व्यवसाय - आवागमन का साथै सिरहा अस्पताल र माडर - स्थित हेल्प डेस्क / होल्डीङ सेन्टर समेतको स्थलगत अनुगमन पश्चात जिल्ला प्रशासन कार्यालय (सिरहा) मा बसेको समीक्षात्मक बैठक ;

उपस्थिति :

१. प्र.जि.अ. प्रदीपराज कणेल
२. उप प्रमुख, सरोज कुमार यादव, जि.स.स.को का.
३. प्र.से. जितेन्द्र कुमार गौली
४. प्र.उ. बुद्धिप्रसाद भण्डारी
५. स.प्र.उ. दीपेन्द्र गिरि
६. कार्यालय प्रमुख रुपनदेव यादव, जि.स्वा.का.
७. अध्यक्ष - प्रमोद पोद्दार, सिरहा उ.वा.संघ
८. सभापति - सजनदेव यादव, ने.रे.सो. - जिल्ला शाखा

बैठकमा भएको समीक्षा एवं निर्णय :

१. सिरहा अस्पतालको कोभिड अस्पताल, PCR ल्याब, अक्सिजन प्लान्ट, ICU / भेन्टिलेटर कक्ष तथा स्वास्थ्य कार्यालयको सिचुएसन सेन्टर र माडरको हेल्प डेस्क सुधारोन्मुख - देखियो।
२. बजार क्षेत्रमा मास्क लगाई - दुरी कायम नगर्ने व्यक्तिलाई नियमन गर्ने, जरिवाना गर्ने - सम्झाउने, मास्क वितरण गर्ने समेतको काम भएकोमा,
लहान, गोलबजार, मिर्चैया, धनगढीमाई, सुखिपुर लगायतका सबै शहरी एवं ग्रामीण क्षेत्रका न.पा./गा.पा. र सीमावर्ती क्षेत्रमा संयुक्त अनुगमन गरी कडाई गर्ने।

प्रमाणित ...
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

३. जिल्लाको कुनै पनि स्थानमा भीडभाड गर्न नदिने,
- धार्मिक सांस्कृतिक कृत्य / उत्सव, चाडपर्व, विवाह, व्रतबन्ध जस्ता कार्यमा स्वास्थ्य तथा सुरक्षा को मापदण्ड पालना गरेर सिमित संख्यामा (२५ जना) विधि अवलम्बन गरी संपन्न गर्ने।
मेला नलगाउने - लाग्न नदिने।
- राजनीतिक दल तथा भातृ संस्थाका कार्यक्रम समेत सोही अनुरुप भीडभाड नहुने गरी व्यवस्थापन गर्न आह्वान गर्ने र नियमन गर्ने।

४. नेपाल भारत सीमा क्षेत्रको आवत जावत लाई अझै कडा गरी नियमन गर्ने।

५. विवाह तथा अन्य कृत्य राती नगरी दिनमा गर्न आह्वान गर्ने।
पटका वा आतासबाजी - डिजे बाजा / चर्को ध्वनीलाई तुरुन्त नियन्त्रण गर्ने।
मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, सवारी साधन चलाउने - भीडभाड गर्ने प्रवृत्तिलाई कडाईकासाथ नियमन गर्ने।

६. हाट बजार लाग्न नदिने।

७. कारागारका नयाँ बन्दीलाई ~~जिल्ला प्रशासन को पुरानो भवन मा~~ निर्मित आइसोलेसनमा (जनधारिले माग गरी प्राप्त भएपछि) थप सुरक्षा व्यवस्था मिलाई राख्ने र Negative देखिएमा कारागारमा स्थानान्तरण गर्ने।

८. जिल्ला अस्पतालको कोभिड अस्पतालको बाहय भागमा थप संरचना निर्माण गरी विस्तार गर्न अस्पतालले ल.ई. सहितको बजेट कार्यक्रम पेश गर्ने।

९. यस अघि DCCMC बाट भएका निर्णय कार्यान्वयन गर्ने। यसमा हरेक स्थानीय तहले आ-आफ्नो भूमिका बहाउने।

[signatures]